मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

# सुदूरपश्चिम प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना:** बालिका, सीमान्तकृत समूदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता, निरन्तरता र सिकाइ उपलब्धि सुधारमा टेवा पुर्‍याई अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७ सँग सम्बन्धित कानूनको प्रभावकारी रूपमा कार्यान्वयनका लागि प्रदेश सरकारबाट स्वीकृत वार्षिक बजेट अनुरूप बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन र सञ्चालन गर्न वाञ्नीय भएकोले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) बमोजिम सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो मापदण्ड बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि सामाजिक विकास मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ग) "लक्षित व्यक्ति" भन्नाले विद्यालयमा भर्ना, निरन्तरता एवम् सिकाइ प्रक्रियाका लागि थप सहयोग पुर्‍याउनु पर्ने भनी विद्यालय वा स्थानीय तहले पहिचान गरेका गरिबी, विपन्नता, सचेतनाको कमी, जातीय तथा लैङ्गिक विभेद, अभिभावक विहीनता, अपाङ्गता, घरेलु कामदार, टुहुरा, लैङ्गिक अल्पसंख्यक, स्वयं घरमूली भइ घर सञ्चालन गर्नु परेको, विद्यालय टाढा भएको आदि विविध कारणले विद्यालयमा आउन नसकेका बालबालिका सम्झनु पर्छ।

(घ) "सीमान्तकृत समुदायका बालबालिका" भन्नाले विद्यालय शिक्षाको पहुँच बाहिर रहेका सीमान्तकृत समुदायका बालबालिका सम्झनु पर्छ र सो शब्दले विभिन्न कारणबाट शिक्षामा निरन्तरता दिन असमर्थ भएका बालबालिकालाई समेत जनाउँछ।

(ङ) "संस्था" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा प्रचलित कानून बमोजिम दर्ता भई शिक्षा तथा सामाजिक विकासको क्षेत्रमा क्रियाशील संस्था सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका सम्झनु पर्छ ।

(छ) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय, सम्झनु पर्छ ।

(ज) "सञ्जाल" भन्नाले दफा ४ बमोजिमको प्रादेशिक बालिका तथा समावेशी शिक्षा सञ्जाल सम्झनु पर्छ ।

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

(झ)"केन्द्र" भन्नाले शिक्षा तथा मानव श्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ञ)"इकाइ" भन्नाले प्रदेश स्थित जिल्लाका संघीय शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ ।

(ट)"कार्यालय" भन्नाले प्रदेश स्थित जिल्लाका सामाजिक विकास कार्यालय सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस कार्यविधि बमोजिम गठन हुने सञ्जालको उद्देश्य देहाय बमोजिम हुनेछन्:-

(क) प्रदेश, स्थानीय तह र विद्यालयमा सञ्जालको गठन तथा सहजीकरण गर्नु,

(ख) लक्षित व्यक्तिको सहयोगको क्षेत्र र आवश्यकता पहिचान गर्नु,

(ग) बालिका, सीमान्तकृत समुदाय, अपाङ्गता भएका बालबालिका र लक्षित व्यक्तिको आवश्यकता पहिचान, सम्बोधन, सहकार्य र सहजीकरण गर्नु,

(घ) मन्त्रालय तथा सरोकारवाला संस्थाहरूको स्रोत पहिचान र परिचालन गर्नु ।

## परिच्छेद-२

## सञ्जाल गठन तथा परिचालन सम्बन्धी व्यवस्था

४. **सञ्जालको गठनः-** (१) बालिका, अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित गरी सिकाइ उपलब्धि सुधारका लागि नीति तथा योजना तर्जुमा, कार्यान्वयन, पैरवी, समन्वय, सहजीकरण, अनुगमन, मूल्याङ्कन तथा प्राविधिक सहयोगका लागि प्रदेशमा एक बालिका तथा समावेशी शिक्षा सञ्जाल रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्जालको गठन देहाय बमोजिम हुनेछः -

| | |
|---|---|
| (क) सचिव,मन्त्रालय | - संयोजक |
| (ख) महानिर्देशक, निर्देशनालय | - सदस्य |
| (ग) महानिर्देशक, स्वास्थ्य निर्देशनालय | - सदस्य |
| (घ) निर्देशक, शिक्षा तालिम केन्द्र | - सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (च) अधिकृत प्रतिनिधि, आर्थिक मामिला मन्त्रालय | -सदस्य |
| (छ) सञ्जालले तोकेको इकाइ प्रमुख मध्येबाट एकजना | -सदस्य |
| (ज) अधिकृत प्रतिनिधि, प्रदेश प्रहरी कार्यालय | -सदस्य |
| (झ) अधिकृत, सामाजिक विकास महाशाखा,मन्त्रालय | -सदस्य |
| (ञ) लैङ्गिक सम्पर्क व्यक्ति, सामाजिक विकास मन्त्रालय | - सदस्य |
| (ट) प्रमुख वा प्रतिनिधि, नगरपालिका संघ, प्रदेश | सदस्य |
| (ठ) प्रमुख वा प्रतिनिधि,गाउँपालिका महासंघ,प्रदेश | सदस्य |
| (ड) अध्यक्ष वा प्रतिनिधि, नेपाल शिक्षक महासंघ,प्रदेश समिति | -सदस्य |
| (ढ) अध्यक्ष वा प्रतिनिधि विद्यालय व्यवस्थापन समिति महासंघ | सदस्य |
| (ण) अध्यक्ष वा प्रतिनिधि,निजी तथा आवासीय विद्यालय सङ्गठन नेपाल, | |

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

प्रदेश समिति - -सदस्य

(त) अध्यक्ष वा प्रतिनिधि, नेपाल राष्ट्रिय निजी तथा आवासीय विद्यालय सङ्गठन प्रदेश समिति -सदस्य

(थ) अध्यक्ष वा प्रतिनिधि, राष्ट्रिय अपाङ्ग महासंघ,प्रदेश समिति -सदस्य

(द) गैरसरकारी संस्था प्रतिनिधि मध्ये सञ्जालले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित तीनजना -सदस्य

(ध) अपाङ्गता,सिमान्तकृत,लैगिंक तथा अल्पसंख्यक मध्ये सञ्जालले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुइजना -सदस्य

(न) प्रमुख , समावेशी शिक्षा सम्बन्धी विषय हेर्ने शाखा, मन्त्रालय – सदस्य सचिव

(३) सञ्जालको बैठक वर्षमा कम्तीमा चारपटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) सञ्जालको बैठकमा आवश्यकता अनुसार अपाङ्गता तथा सीमान्तकृतको क्षेत्रमा क्रियाशील संघसंस्था, गैरसरकारी निकाय, सरोकारवाला र विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

(५) सञ्जालमा मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(६) मन्त्रालयको समावेशी शिक्षा सम्बन्धी विषय हेर्ने शाखाले सञ्जालको सचिवालयको रूपमा कार्य गर्नेछ।

(७) सञ्जालले तर्जुमा गरेका योजना कार्यक्रम तथा रणनीति कार्यान्वयनका लागि मन्त्रालय र अन्य साझेदार संघ संस्थाहरूले बजेट विनियोजन गर्नेछन् ।

५. <u>सञ्जालको काम, कर्तव्य र अधिकार:</u> दफा ४ बमोजिम गठित सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशतहमा तर्जुमा गरिने बालिका तथा समावेशी शिक्षा सम्बन्धी नीति निर्माण तथा संशोधनका लागि सुझाव दिने,

(ख) गुणस्तरीय अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन विषयमा पैरवी र सहजीकरण गर्ने,

(ग) सञ्जालको वार्षिक कार्यनीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने,

(घ) प्रदेशअन्तर्गत स्थानीय तहमा सञ्जाल गठन गर्न तथा क्रियाशील बनाउन सहजीकरण गर्ने,

(ङ) स्थानीयस्तरमा सञ्जाल गठन गर्ने र प्रभावकारी कार्य गर्ने स्थानीय तह पहिचान गरी पुरस्कृत तथा प्रोत्साहन गर्ने,

(च) स्थानीयतह तथा विद्यालय तहमा रहेको सञ्जाल र गुनासो सुनुवाइ संयन्त्रको अनुगमन गरी आवश्यक सहजीकरण गर्ने,

(छ) बालिका तथा समावेशी शिक्षा, लैङ्गिक हिंसा, भेदभाव विरुद्ध तथा समता सम्बन्धी कार्यका लागि आवश्यक स्रोतको व्यवस्था गर्न पहल गर्ने,

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

(ज) बालिका तथा समावेशी शिक्षा सञ्जालबाट सिफारिस भएका विषयलाई समावेश गरी कार्यान्वयन गराउने,

(झ) सञ्जालले पहिचा नगरेका बालिका तथा समावेशी शिक्षा सम्बन्धी उपयुक्त विषयमा कार्य गर्ने,

(ञ) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षाको अवस्था अनुगमन गर्ने र सुधारका लागि सम्बन्धित निकायहरूलाई पृष्ठपोषण गर्ने,

(ट) सञ्जाल सदस्यहरूको क्षमता वृद्धिका कार्यहरू गर्ने,

(ठ) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षाका क्षेत्रमा भएका राम्रा कार्यहरूको अभिलेखीकरण गरी प्रवर्द्धन गर्ने

(ड) सञ्जालका सदस्य तथा सरोकारवाला बीच बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत समुदायका बालबालिकाको शिक्षाका बारेमा अन्तरक्रिया, छलफल विचार विमर्श गर्ने,

(ढ) अध्ययन अनुसन्धान तथा अवस्था चित्रण आदि तयार गर्ने तथा प्रकाशन गर्ने,

(ण) बाल सञ्जालको अवस्था अनुगमन तथा क्षमता विकासमा सहयोग गर्ने,

(त) सचेतना तथा मनोसामाजिक परामर्श गर्ने,

(थ) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय शिक्षा पूरा गर्न आवश्यक कार्य गर्ने,

(द) अनुगमन, अभिलेखीकरण र प्रतिवेदन पेस गर्ने,

(ध) केन्द्रमा रहेको सञ्जाल र स्थानीय तहमा रहेको सञ्जाल बीच आवश्यक समन्वय र सहकार्य गर्ने,

(न) बालविवाह, सामाजिक कुरीति न्यूनीकरणका लागि आवश्यक कार्यहरू गर्ने,

(प) विद्यालयमा हुने लैङ्गिक हिंसा र भेदभाव न्यूनीकरणका लागि आवश्यक कार्य गर्ने र

(ऩ) सञ्जालको कार्य सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउने।

## परिच्छेद-३
## विभिन्न निकायहरूको भूमिका

६. **मन्त्रालयको भूमिका:** मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः-

(क) लैङ्गिक एवम् समावेशी शिक्षा सम्बन्धी प्रदेश तथा अन्तर मन्त्रालय समन्वय गर्ने गराउने,

(ख) सञ्जालको गठन, सञ्चालन एवम् व्यवस्थापनमा आवश्यक निर्देशन दिने,

(ग) सञ्जालबाट सिफारिस भई आएका विषयलाई विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने गराउने,

(घ) लैङ्गिक एवम् समावेशी शिक्षा सम्बन्धी विषय नीति ,रणनीतिक, आवधिक योजना तथा कार्यक्रममा आबद्ध गर्ने गराउने,

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

(ङ) सञ्जाल तथा स्थानीय सञ्जालको कामको अनुगमन तथा सहजीकरण, अभिलेखीकरण तथा प्रतिवेदन गर्ने र प्राप्त प्रतिवेदनको विश्लेषण गरी केन्द्रमा पठाउने,

(च) केन्द्रबाट अनुरोध भई आएका समावेशी शिक्षा सम्बन्धी विषय कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने र

(छ) सञ्जालले गरेका कार्यहरूको स्वामित्व लिने।

७. **स्थानीय तहको भूमिका:** स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछ:-

(क) बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता र सिकाइ सुनिश्चितताका लागि सम्बन्धित स्थानीय तहमा सञ्जाल गठन तथा सञ्चालन कार्यविधि निर्माण गर्ने,

(ख) स्थानीय तहमा गठन भएका सञ्जालको कार्यजिम्मेवारी तोक्ने र सो अनुसारको कार्य गर्ने गराउने,

(ग) स्थानीय तहमा गरिबी, विपन्नता, सचेतनाको कमी, जातीय तथा लैङ्गिक विभेद, अभिभावक विहीन, अपाङ्गता, घरेलु कामदार, टुहुरा, स्वयं घरमूली भई घर सञ्चालन गर्नु परेको विद्यालय टाढा भएको आदि विविध कारणले विद्यालयमा आउन नसकेका बाबालिकाहरूको संख्या, नाम नामेसी, विवरणको तथ्याङ्क यकिन र अध्यावधिक गर्ने गराउने,

(घ) विद्यालयको पहुँचमा नपुगेका विद्यार्थीहरूको समस्या समाधानका उपाय र निजहरूलाई विद्यालयको पहुँचमा पुऱ्याउन थप सहयोगको पहिचान गर्ने गराउने,

(ङ) बालबालिकाको समस्या सम्बोधन गर्ने सहायता कार्यक्रम सञ्चालन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(च) स्थानीय तहको स्रोतले नभ्याउने भएमा मन्त्रालय, केन्द्र, संस्थाहरूसँग थप सहयोगका लागि समन्वय गर्ने गराउने,

(छ) विद्यालयस्तरमा सञ्जाल गठनका लागि सहजीकरण र सहयोग गर्ने,

(ज) सञ्जाल सञ्चालन एव व्यवस्थापनको लागि आवश्यक पर्ने स्रोतको व्यवस्था मिलाउने,

(झ) स्थानीय तहको शिक्षा योजनामा बालिका तथा समावेशी शिक्षा सञ्जालको व्यवस्था समेट्ने,

(ञ) बालिका तथा समावेशी शिक्षा सम्बन्धी सूचक विकास गरी अनुगमन एवम् निरीक्षण गर्ने गराउने,

(ट) विद्यालयस्तरीय सञ्जालबाट प्राप्त सुझाव एवम् सिफारिस कार्यान्वयनको व्यवस्था मिलाउने,

(ठ) विशेष सहयोग उपलब्ध गराउनुपर्ने वर्ग, क्षेत्र एवम् लक्षित समूह पहिचान गरी सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने,

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

(ङ) स्थानीय तहभित्र रहेका बालिका, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न लेखाजोखा गर्ने र आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ढ) विद्यालय तथा सञ्जालबाट सिफारिस भई आएका विषयलाई विश्लेषण, प्राथमिकीकरण र सम्बोधन गर्ने गराउने,

(ण) स्थानीय तह तथा विद्यालय स्तरीय सञ्जालको अनुगमन, सहजीकरण र क्षमता विकास गर्ने गराउने,

(त) विद्यालयस्तरीय सञ्जालमा विद्यालय नर्सको सहभागिता वा स्वास्थ्य संस्थासँग विद्यालयको आबद्धता सुनिश्चित गर्ने गराउने,

(थ) लैङ्गिक तथा समावेशी शिक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने,

(द) स्थानीय तहमा अपाङ्गता तथा लैङ्गिक उत्तरदायी नीति, कार्यक्रम तथा बजेट व्यवस्था गर्ने गराउने,

(ध) बालविवाह लगायतका हानिकारक अभ्यासको न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(न) विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी शिक्षामा पहुँच स्थापित गराउने,

(ऩ) सञ्जाल सम्बन्धी गतिविधि अनुगमन अभिलेखीकरण तथा प्रतिवेदन तयार गरी प्रदेश तथा संघमा पेस गर्ने,

(प) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्ने र

(फ) स्थानीय तहले आवश्यक देखेका अन्य कार्य।

८. **निर्देशनालयको भूमिका:** शिक्षा विकास निर्देशनालयको भूमिका देहायबमोजिम हुनेछ:

(क) प्रदेश सञ्जाल तथा स्थानीय सञ्जालको काममा सहजीकरण गर्ने,

(ख) प्रदेश तथा पालिकास्तरको संयोजक र सदस्यको क्षमता विकासमा सहयोग तथा सहजीकरण गर्ने,

(ग) पालिकास्तरका सञ्जालको गठन, सञ्चालन एवम् व्यवस्थापनमा आवश्यक सहजीकरण गर्ने,

(घ) प्रदेश सञ्जालबाट सिफारिस भई आएका विषयलाई विश्लेषण, प्राथमिकीकरण र सम्बोधन गर्ने गराउने र

(ङ) विद्यार्थी भर्ना अभियान सञ्चालन गराउने।

९. **शिक्षा तालिम केन्द्रको भूमिका:** शिक्षा तालिम केन्द्रको भूमिका देहायबमोजिम हुनेछ:-

(क) प्रदेश तथा स्थानीय सञ्जालको काममा प्रभावकारिता ल्याउन विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

मा. मेघराज
मन्त्री
सामाजिक विकास मन्त्रालय

(ख) सञ्जाल सदस्यको क्षमता विकासका कार्य गर्ने,

(ग) शिक्षकहरूको लागि तालिम सञ्चालन गर्ने,

(घ) तालिमकेन्द्रबाट सञ्चालन हुने तालिममा गुनासो सुनुवाइ संयन्त्र सम्बन्धी सत्र अनिवार्य समावेश गर्ने,

(ङ) शिक्षक पेशागत विकास प्रारुप,२०८० बमोजिम सञ्चालन हुने प्रमाणिकरण र कस्टमाइज्ड तालिमका सत्रहरूमा बालिका तथा समावेशी शिक्षा सम्बन्धी विषयवस्तु समायोजन गर्ने ।

१०. **स्वास्थ्य निर्देशनालयको भूमिकाः** स्वास्थ्य निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) विद्यालय तथा बालबालिकाको स्वास्थ्य,पोषण, सरसफाइ सम्बन्धी नीति, योजना कार्यक्रमको नेतृत्व गर्ने,

(ख) विद्यालय स्वास्थ्य कर्मचारीको क्षमता विकास तथा अन्य प्राविधिक गतिविधिमा सहयोग गर्ने,

(ग) विद्यालयमा स्वास्थ्य, पोषण, सरसफाइ, लागू पदार्थ दुर्व्यसन सम्बन्धी सचेतनामूलक कक्षाहरु मातहतका निकायहरू मार्फत सञ्चालन गर्ने, गराउने,

(घ) विद्यालयमा रहेका बालबालिकाहरूको कार्यगत सीमितता (Functional Limitation) पहिचान गरी आवश्यक परामर्श वा रेफरल सेवा प्रदान गर्ने

(ङ) स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धी कार्यक्रमहरू विद्यालय तहसम्म विस्तार गर्न वार्षिक योजना तथा बजेटमा कार्यक्रम प्रस्ताव गर्ने ।

११. **सामाजिक विकास महाशाखाको भूमिकाः** मन्त्रालयको सामाजिक विकास महाशाखाको भूमिका देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधिको प्रभावकारी कार्यान्वयन गर्न कार्यालय र इकाइहरूसँग समन्वय गर्ने गराउने,

(ख) बालबालिकाको संरक्षण सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) सचेतनामूलक कार्यक्रम गर्ने गराउने,

(घ) सञ्जालको विषयमा आवश्यक कार्यहरू गर्ने, गराउने,

(ङ) महाशाखाको वार्षिक बजेटमा बालिका तथा समावेशी शिक्षा सम्बन्धी कार्यक्रमहरू समावेश गर्न आवश्यक पहल गर्ने ।

१२. **इकाइको भूमिकाः** जिल्लास्थित इकाइको भूमिका देहायबमोजिम हुनेछः-

(क) संघीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन तथा सञ्चालन सम्बन्धी मापदण्ड, २०८० र रणनीति, २०८० तथा यस कार्यविधिको कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण र उत्प्रेरित गर्ने,

(ख) संघीय र प्रादेशिक मापदण्डको कार्यान्वयन अवस्थाको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

(ग) लक्षित समुदाय र सीमान्तकृत विद्यार्थीहरूको शिक्षामा पहुँच तथा सहभागिताका लागि स्थानीय सञ्जालहरूसँग समन्वय र सहजीकरण गर्ने,

(घ) यस कार्यविधिको कार्यान्वयनको जिल्लागत प्रतिवेदन तयार गरी मन्त्रालय र केन्द्रमा पठाउने, र

(ङ) जिल्लास्थित कार्यालयहरूसँग बालिका शिक्षा समावेशी शिक्षा कार्यान्वयमा सहयोग तथा समन्वय गर्ने ।

१३. <u>कार्यालयको भूमिकाः</u> जिल्लास्थित कार्यालयको भूमिका देहायबमोजिम हुनेछः-

(क) मन्त्रालयबाट तर्जुमा गरिएका बालिका तथा समावेशी शिक्षा सम्बन्धी नीति योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको अवस्था बारे नियमित रुपमा निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन पेस गर्ने,

(ग) जिल्लास्थित स्थानीय तहहरूलाई यस कार्यविधिको कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ) जिल्ला स्थित स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यालय तथा लागू पदार्थ र दुर्व्यसन नियन्त्रणमा भूमिका खेल्ने सरकारी तथा गैरसरकारी कार्यालय र निकायहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,

(ङ) जिल्लास्थित इकाईहरूसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन, अनुगमन र सुपरीवेक्षण गर्ने ।

१४. <u>सञ्जालका सदस्यको भूमिकाः</u>सञ्जालका सदस्यहरूको भूमिका देहाय बमोजिम हुनेछः

(क) सञ्जालको निर्णय कार्यान्वयनमा सक्रिय भूमिका खेल्ने,

(ख) शिक्षा तथा समावेशी शिक्षाका अधिकारहरू कार्यान्वयन गर्न स्थानीय तहहरूलाई सहजीकरण गर्ने,

(ग) शिक्षा क्षेत्रमा काम गर्ने संघ सस्थाहरूलाई कार्यक्रम कार्यान्वयनमा उत्प्रेरणा दिने, र

(घ) निजी विद्यालय तथा शैक्षिक संस्थाहरूमा बालअधिकार समावेशीता बालिका शिक्षा सुरक्षा पोषण संरक्षणका विषयहरू कार्यान्वयन गर्न सचेतना जगाउने ।

१५. <u>संस्थाको भूमिकाः</u> बालिका तथा समावेशी शिक्षामा क्रियाशील प्रदेशस्थित संघ संस्थाहरूको भूमिका देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधिको कार्यान्वयन गर्न मन्त्रालय तथा स्थानीय तहहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(ख) स्थानीय तहमा सञ्जाल गठन गरी क्रियाशील बनाउन आवश्यक सहयोग र साझेदारी गर्ने,

(ग) जिल्लास्थित कार्यालय र इकाइलाई बालिका तथा समावेशी शिक्षाका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने,

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

(घ) संस्थाको बार्षिक बजेट तथा कार्यक्रममा स्रोत परिचालन तथा व्यवस्थापन गर्न पहल गर्ने,
(ङ) संस्थाको कार्यक्षेत्र विभाजन गरी कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालय र स्थानीय तहसँग समन्वय गर्ने,
(च) कार्यक्रम कार्यान्वयनको अवस्थाको प्रतिवेदन स्थानीय तह र मन्त्रालयमा पेश गर्ने,
(छ) मापदण्ड कार्यान्वयन सम्बन्धमा लक्षित समुदायमा उत्प्रेरणा प्रोत्साहन क्षमता विकास र पैरवी गर्ने ।

१६. **विद्यालयको भूमिका:** विद्यालयको भूमिका देहायबमोजिम हुनेछ:-
(क) स्थानीयतहले तोकेबमोजिम विद्यालय सेवा क्षेत्र भित्रका बालबालिकाको शिक्षामा पहुँच, निरन्तरता र सिकाइ सुनिश्चितताका लागि विद्यालयस्तरीय सञ्जाल गठन तथा सञ्चालन गर्ने,
(ख) विद्यालयमा कार्यरत महिला शिक्षक कर्मचारी मध्येबाट लैङ्गिक सम्पर्क शिक्षक तोक्ने र काममा लगाउने,
(ग) विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रलाई क्रियाशील बनाउने र आएका गुनासो सम्बोधन र आवश्यकता अनुसार सिफारिस गरी स्थानीय तहमा पठाउने,
(घ) विद्यालयस्तरीय सञ्जालको गठन गर्दा अपाङ्गता, लैङ्गिकता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक,सीमान्तकृत वर्ग लगायतको सहभागिता सुनिश्चित गर्ने,
(ङ) विद्यालय सुधार योजनामा लैङ्गिक तथा समावेशी शिक्षाका लागि सञ्जालको प्रावधान समावेश गर्ने,
(च) लैङ्गिक तथा समावेशी शिक्षा व्यवस्थापनका लागि स्थानीय सङ्घसंस्था, अभिभावक, नागरिक समाज लगायतसँग समन्वय सहकार्य र साझेदारी गर्ने,
(छ) विद्यालयस्तरीय सञ्जालबाट प्राप्त सुझाव एवम् सिफारिस कार्यान्वयनको व्यवस्था मिलाउने,
(ज) बालिका, अपाङ्गता तथा सीमान्तकृत बालबालिकाको विद्यालय शिक्षामा नियमितताका लागि प्रेरित गर्ने,
(झ) विशेष सहयोग उपलब्ध गराउनुपर्ने वर्ग, क्षेत्र एव लक्षित समूह पहिचान गरी सहयोग उपलब्ध गराउने,
(ञ) विद्यालयभित्र रहेका अपाङ्गता तथा सीमान्तीकृत बालबालिकाको तथ्याङ्क अद्यावधिक,लेखाजोखा, र आवश्यकतामा आधारित सहयोग उपलब्ध गराउन व्यवस्था मिलाउने र स्थानीय तहसँग समन्वय गर्ने,
(ट) विद्यालयलाई हिंसामुक्त क्षेत्रको रूपमा विकास गरी सहज सिकाइ वातावरण निर्माण गर्ने,
(ठ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा सञ्जालसँग सहकार्य समन्वय गरी बालिका,अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकालाई नियमित विद्यालयमा आउने वातावरण तयार गर्ने,

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

(ड) किशोरकिशोरीमाथि हुनसक्ने दुर्व्यवहार हिंसा, शोषण, विभेदविरूद्ध सचेतना विकास गर्ने तथा बालक्लब परिचालन गर्ने,

(ढ) विद्यालय तथा सञ्जालबाट सिफारिस भई आएका विषयको विश्लेषण गर्ने, प्राथमिकीकरण गर्ने र सम्बोधन गर्ने

(ण) विद्यालयस्तरीय सञ्जालमा विद्यालय नर्स वा स्वास्थ्य कर्मचारीको सहभागिता वा निकटको स्वास्थ्य संस्थासँग विद्यालयको आबद्धता सुनिश्चित गर्ने गराउने,

(त) लैङ्गिक तथा समावेशी शिक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम विद्यालयमा सञ्चालन गर्ने गराउने,

(थ) विद्यालयमा हुने नियमित कार्यक्रम तथा अतिरिक्त क्रियाकलापमा बालिका, अपाङ्गता तथा सीमान्तकृत बालबालिकालाई सहभागिताका लागि विशेष प्राथमिकता दिने,

(द) सञ्जालको गठन गर्दा बालिका, अपाङ्गता र सीमान्तकृत समुदायका बालबालिकाको सहभागिता सुनिश्चितता गर्ने गराउने,

(ध) स्थानीयतहले निर्देश गरेका बालिका तथा समावेशी शिक्षा सम्बधी अन्य विषय, र

(न) विद्यालयस्तरमा भएका सञ्जाल सम्बन्धी गतिविधिहरू, प्राप्ति तथा उपलब्धीहरु स्थानीय तह, कार्यालय र इकाइ पेस गर्ने।

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

## परिच्छेद-४
## सञ्जाल बीचको अन्तरसम्बन्ध

१७. **अन्तरसञ्जाल समन्वयः** (१) बालिका तथा समावेशी शिक्षा सम्बन्धी केन्द्रीय, प्रदेश, स्थानीय तह तथा विद्यालय बीचमा अन्तरतह सञ्जाल सम्बन्ध कायम गरिने छ।

(२) प्रदेश सञ्जालका निर्णयहरू स्थानीय तहका सञ्जालमा र स्थानीयतहको प्रगति, विवरण र उपलब्धी प्रदेश सञ्जालमा पठाउने व्यवस्था मिलाई एकीकृत अभिलेख रहने व्यवस्था मिलाइने छ।

(३) प्रदेश सञ्जालका प्रगति, विवरण र उपलब्धी केन्द्रीय सञ्जालमा पठाउने व्यवस्था मिलाइने छ।

१८. **अन्तरसञ्जाल सम्बन्धका आधारः** (१) लैङ्गिक एवम् समावेशी शिक्षा सम्बन्धमा केन्द्रीय, प्रदेश तथा स्थानीय तहबीचमा हुने अन्तरसञ्जाल सम्बन्धका आधार सरोकारवालाको भूमिका, प्रहरी, स्वास्थ्यसंस्था, विकास साझेदार, नागरिक समाज तथा विद्यालय तहमा बालबालिकालाई हिंसा तथा कानूनी व्यवस्थाका बारेमा बालबालिकामा चेतनाको अभिवृद्धि हुने वातावरण तयार गरिनेछ।

(२) यौनहिंसा तथा शून्यसहनशीलता रहने, हिंसा आदिमा उजुरी, गुनासो तथा जाहेरीमा तत्काल पीडितलाई सुरक्षा, संरक्षण तथा कानूनी उपचारमा प्रचलित कानून बमोजिम सहयोग र सहजीकरण गरी समाजमा शान्ति तथा सुरक्षा कायम गरी सुरक्षित र संरक्षित अवस्थाको अनुभूति गरिनेछ।

(३) यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा सचेतना जगाई विद्यालय तथा स्थानीय तहमा गठन हुने सञ्जालमा भाग लिने, सल्लाह सुझाव दिने र आवश्यक पैरवी गरी गराई शिक्षण सिकाइलाई बालबालिकामैत्री कायम गरिनेछ।

## परिच्छेद-५
## विविध

१९. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) स्थानीय तहले अनुसूची-१ बमोजिमको ढाँचामा अर्द्धवार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेशस्तरीय सञ्जालमा पठाउनु पर्नेछ।

(२) प्रदेश सञ्जालले सम्पादन गरेका कार्यको वार्षिक प्रतिवेदन तयार गरी अनुसूची-२ बमोजिमको ढाँचामा केन्द्रमा पठाउनु पर्नेछ ।

२०. **एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको उपयोग गर्न सक्नेः** (१) यस कार्यविधि बमोजिम बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र निरन्तरतामा सुधारका सम्बन्धमा सञ्जाल निर्माण गरी कार्यसम्पादन गर्दा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रयोग गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रयोगमा केन्द्रबाट सहयोग लिनु पर्नेछ ।

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

२१. **<u>समीक्षा गर्नुपर्ने</u>**: सञ्जालले बालिका, सीमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र निरन्तरतामा भएका कार्यक्रमको समीक्षा वार्षिक रूपमा गर्नुपर्नेछ।

२२. **<u>बाधा अड्काउ फुकाउन सकिने</u>**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

२३. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानूनबमोजिम हुनेछ।

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

# अनुसूची १
## दफा १९ को उपदफा (१) सँग सम्बन्धित

**स्थानीय तहले प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जालमा अर्द्ध वार्षिक रूपमा पठाउने प्रतिवेदनको ढाँचा**

स्थानीय तहको नामः

| क्र.सं. | छलफल गरिएका विषय | समाधान गरिएका विषय | सिफारिस गरिएका विषय र निकाय | सम्पादन गरिएका कार्य | उपलब्धि र चुनौती |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

दस्तखतः

नामः

शिक्षा शाखा प्रमुखः

मिति

मा. मेघराज खड्का
मन्त्री
सामाजिक विकास मन्त्रालय

अनुसूची-२

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

**प्रदेश बालिका तथा समावेशी शिक्षा सञ्जालले केन्द्रमा पठाउने वार्षिक प्रतिवेदनको ढाँचा**

**प्रदेशको नामः**

| क्र.सं. | छलफल गरिएका विषय | समाधान गरिएका विषय | सिफारिस गरिएका विषय र निकाय | सम्पादन गरिएका कार्य | उपलब्धि र चुनौती |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

दस्तखतः

प्रदेश सञ्जालको सदस्य सचिवः

मिति